# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु राम नारायण साह, उग्रानन्द पाठक, जागेश्वर मण्डल, तीर्थमाया खत्वे, दुर्गानन्द यादव, विरेन्द्र कुमार यादव, रवेन्द्र कुमार यादव, धिरेन्द्र यादव र रेणु कुमारी यादव मु.नं (०८१-CR-००१८) फैसला मिति २०८१।११।२५ | सोलार बत्ती जडान गर्ने योजनामा गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **तिरहुत गाउँपालिका, सप्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम नारायण साह, इन्जिनियर उग्रानन्द पाठक, सइन्जिनियर जागेश्वर मण्डलको हकमाः** प्रतिवादीहरू राम नारायण साह, उग्रानन्द पाठक र जागेश्वर मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.६,४५,६६५।०४(अक्षेरुपि छ लाख पैंतालीस हजार छ सय पैंसट्ठी रुपैयाँ चार पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना हुन र निजै प्रतिवादीहरु राम नारायण साह, उग्रानन्द पाठक र जागेश्वर मण्डलले आफैले तयार गरेको लागत अनुमान बमोजिम नभए नगरेको कार्यको गलत प्राविधिक मूल्याङ्कन गरी वास्तविक भए गरेको भन्दा बढी कार्य भएको भनी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरे गराएको र गलत प्रतिवेदन तयार गरी गराई भुक्तानीको लागि सिफारिस गरे गराएको देखिँदा निज प्रतिवादीहरु राम नारायण साह, उग्रानन्द पाठक र जागेश्वर मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिइएको देखिन्छ।<br><br>• **तत्कालीन समयमा तिरहुत गाउँपालिकाको उपाध्यक्ष एवं योजना अनुगमन समितिको संयोजक तीर्थमाया खत्वे, सदस्यद्वय दुर्गानन्द यादव र विरेन्द्र कुमार यादवको हकमाः** प्रतिवादीहरू तीर्थमाया खत्वे, दुर्गानन्द यादव र विरेन्द्र कुमार यादवले सोलार बत्ती खरिद तथा जडान योजनाको अनुगमन प्रतिवेदन पेश गर्दा बदनियतपूर्वक बास्तविक भए गरेको भन्दा बढी कार्य भएको भनी नभए नगरेका कुरा देखाई प्रतिवेदन पेश गरी गराई भुक्तानीको लागी सिफारिस गरी गराई सोही बमोजिम भुक्तानीको टिप्पणी र आदेश सदर भई रु.६,४५,६६५।०४ (अक्षेरुपि छ लाख पैंतालिस हजार छ सय पैंसट्ठी रुपैयाँ चार पैसा) उपभोक्ता समितिलाई बढी भुक्तानी दिए | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• तिरहुत नगरपालिकाको वडा नं. १ देखि ५ सम्म जम्मा १४ वटा सोलार बत्ती जडान भएकोमा एउटा सोलार पोल शिव मन्दिर पुनर्निर्माण गर्दा उखेलेर पुनः गाडेको र उक्त पोलको Platform PCC नापजाँच गरी सबै पोलहरु सोही बमोजिम परिमाण होला भनी अनुमानमा अभियोजन गरेको देखिएको।<br>• प्रतिवादीहरुले आरोपित कसूरमा कसुर इन्कार रही अदालतमा बयान गरेको देखिएको ।<br>• आरोप दावी पुष्टि हुने ठोस र वस्तुनिष्ठ प्रमाण रहेको नदेखिएको । | • प्रस्तुत मुद्दामा आ.व.२०७४/०७५ मा जिल्ला सप्तरी, तिरहुत गाउँपालिका वडा नं.१ देखि ५ सम्म सोलार बत्ती खरिद तथा जडान कार्यको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट वडा नं.१ देखि ५ सम्म जम्मा १४ (चौध) थान सोलार बत्ती खरिद गरी उक्त सोलार बत्ती जडानको लागि Platform Casting कार्य गर्न २ मि.*२ मि.*२ मि. को खाल्डो खनी २ मि.*२ मि. को Brick Soling गरी सो माथि PCC (१:१.५:३) को कार्य Platform को लागि २ मि.*२ मि.*०.१० मि. तथा Open Pit मा १.५ मि.*१ मि.*१.८ मि. मा गर्ने गरी रु.२२,२२,५८८।४४ (गाउँपालिकाको तर्फबाट रु.२०,००,०००।- र जनसहभागिता रु. २,२२,५८८।४४) को लागत अनुमान स्वीकृत भएकोमा उक्त खरिद तथा जडान कार्य गर्नको लागि श्री सोलार बत्ती खरिद तथा जडान उपभोक्ता समितिबाट कार्य सम्पन्न भएपश्चात उक्त खरिद तथा जडान कार्यको सम्बन्धमा गाउँपालिका स्तरीय अनुगमन समितिबाट योजनाको अनुगमन भई योजनाको निर्माण कार्य इस्टिमेट अनुसार सम्पन्न भएको भन्ने समेत बेहोरा उल्लेख गरी अनुगमन समितिका संयोजक तीर्थमाया खत्वे, ईन्जिनियर उग्रानन्द पाठक, सव-ईन्जिनियर जागेश्वर मण्डल, वडा अध्यक्ष भोगानन्द महत्मान यादव (पू.वि.म.संयोजक), योजना शाखा प्रमुख दुर्गानन्द यादव, प्रशासन शाखा प्रमुख विरेन्द्र कुमार यादव समेतले मिति २०७५।०३।२५ गते अनुगमन प्रतिवेदन पेस गरेको देखिन्छ। उक्त कार्यको लागि योजना शाखामा कार्यरत दुर्गानन्द यादवले भुक्तानी सम्बन्धी टिप्पणी आदेश मिति २०७५।०३।३१ गते पेस गरी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामनारायण साहले स्वीकृत गरेकोमा उक्त तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सप्तरीको मिति २०७५।०३।३२ गतेको गोश्वार भौचर नं.२ मार्फत कर कट्टी बाहेक रु.१९,६१,५३७।—(उन्नाईस लाख एकसट्ठी हजार पाँच सय सैतिस रुपैया) उपभोक्ता समितिलाई भुक्तानी गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ।<br>• उक्त तिरहुत गाउँपालिका वडा नं.१ देखि ५ सम्म सोलार बत्ती खरिद तथा जडान कार्यको योजनामा लागि रु.२२,२२,५८८.४४।– रकम विनियोजन भएकोमा उक्त योजनामा नापी किताब अनुसार कार्य नगरेको तथा वास्तविक कार्यभन्दा बढी भुक्तानी गरी उपभोक्ता समितिलाई गैर कानूनी लाभ र गाँउपालिकालाई हानी नोक्सानी पुर्याएको भन्ने समेत ब्यहोराको उजुरी आयोगमा दर्ता हुन आएकोले सो योजनाको छानविन अनुसन्धान गर्ने सिलसिलामा सोही पालिकाको वडा नं.३ स्थित हुलाकी सडकको दक्षिण भाग (शिव मन्दिर अगाडि) को सोलार बत्ती जडानको नापजाँचको विवरण अनुसार PCC ढलान ०.९० मि. उचाई तथा १.४० मि., १.०३ मि. र ०.९७ मि. गरी औसतमा १.१३ मि. परिधि (मेटल पोल सहित) मा निर्माण भएको साथै Metal Pole को नापजाँच गर्दा ०.३० मि. परिधिको ३ मि. लम्बाई तथा ०.३७ मि. परिधिको ४ मि. लम्बाईको रहेको देखिएको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिएको ई.सुवास राई समेतको प्राविधिक सहितको टोलीले मिति २०७८।१२।१७ गते फिल्डमा गई स्थानीय जनप्रतिनिधि, सर्वसाधारण व्यक्ति तथा गाउँपालिकाका सव-इन्जिनियर जागेश्वर मण्डल र उक्त योजनाका उपभोक्ता समितिका अध्यक्ष रवेन्द्र कुमार यादव समेतको साक्षी/रोहवरमा तयार गरिएको स्थलगत नापजाँच मुचुल्कावाट पुष्टि भएको देखिन्छ । यसरी उक्त सोलार बत्ती जडानको लागि Platform Casting कार्य गर्न २ मि.*२ मि.*२ मि. को खाल्डो खनी २ मि.*२ मि. को Brick Soling गरी सो माथि PCC (१:१.५:३) को कार्य Platform को लागि २ मि.*२ मि.*०.१० मि. तथा Open Pit मा १.५ मि.*१ मि.*१.८ मि. मा गरेको भनि रु. रु.१९,६१,५३७।—(उन्नाईस लाख एकसट्ठी हजार पाँच सय सैतिस रुपैया) उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा सोमा उजुरी परि आयोगको प्राविधिक टोलीले स्थलगत नापजाँच गर्दा सोही पालिकाको वडा नं.३ स्थित हुलाकी सडकको दक्षिण भाग (शिव मन्दिर अगाडि) को सोलार बत्ती जडानको नापजाँचको विवरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दिनलगाएको देखिँदा निज प्रतिवादीहरु तीर्थमाया खत्वे, दुर्गानन्द यादव र विरेन्द्र कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको देखिन्छ।<br>• **उपभोक्ता समितिको अध्यक्ष रबेन्द्र कुमार यादव, सचिव धिरेन्द्र यादव र कोषाध्यक्ष रेणु कुमारी यादवको हकमाः** प्रतिवादीहरु रबेन्द्र कुमार यादव, धिरेन्द्र यादव र रेणु कुमारी यादवले सम्झौता विपरीत सम्झौता बमोजिमको कार्य नगरी नगराई भए गरेको कार्य भन्दा बढी कार्य गरेको भनी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन, बिल भरपाई, डोरहाजिरी लगायतका कागजात तयार गरी गराई पेश गरे गराएकोमा सोही वमोजिम बास्तविक भए गरेको भन्दा बढी रु.६,४५,६६५।०४ (अक्षरेपि छ लाख पैंतालिस हजार छ सय पैंसठ्ठी रुपैयाँ चार पैसा) भुक्तानी प्रतिवादीहरुले लिएको देखिँदा प्रतिवादीहरू रबेन्द्र कुमार यादव, धिरेन्द्र यादव र रेणु कुमारी यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.६,४५,६६५।०४ (अक्षरेपि छ लाख पैंतालीस हजार छ सय पैंसठ्ठी रुपैयाँ चार पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिइएको छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु राम नारायण साह, उग्रानन्द पाठक, जागेश्वर मण्डल तीर्थमाया खत्वे, दुर्गानन्द यादव, विरेन्द्र कुमार यादव, रबेन्द्र कुमार यादव, धिरेन्द्र यादव र रेणु कुमारी यादव उपर दावी गरिएको आरोप दावी पुष्टि हुने ठोस र वस्तुनिष्ठ प्रमाण रहेको नदेखिँदा निज प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहर गरी विशेष अदालतवाट फैसला भएको देखिन्छ। | | अनुसार PCC ढलान ०.९० मि. उचाई तथा १.४० मि., १.०३ मि. र ०.९७ मि. गरी औसतमा १.१३ मि. परिधि (मेटल पोल सहित) मा निर्माण भएको साथै Metal Pole को नापजाँच गर्दा ०.३० मि. परिधिको ३ मि. लम्बाई तथा ०.३७ मि. परिधिको ४ मि. लम्बाईको रहेको देखिदा यि प्रतिवादीहरुले सो योजनामा बिगो रु.६,४५,६६५।०४ (अक्षरेपि छ लाख पैंतालीस हजार छ सय पैंसठ्ठी रुपैयाँ चार पैसा) उपभोक्ता समितिलाई लाभ र गाँउपालिकालाई नोक्सानी पुर्‍याएको तथ्य पुष्टि भई रहेको देखिदा देखिदै उक्त प्रमाणलाई केवल अनुमानको भनी अर्थ गरी भएको फैसला त्रुटिपुर्ण हुदाँ बदरभागी छ।<br>• प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने  कानूनी ब्यवस्था रहेको देखिन्छ।सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार बएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेकोले प्रस्तुत मुद्दा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने साक्षी इन्जिनियर सुवास राईले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ जिरह प्रक्रियामा समेत पुष्टि हुने गरी बकपत्र गरेको देखिदा देखिदै  Cross Examination बाट पुष्टि भएको प्रमाणलाई विश्वासनीय भएन भन्ने जस्ता आत्मगत तर्क द्वारा विश्लेषण गरी उक्त प्रमाणलाई Deny गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. वैद्यनाथ पण्डितको मुद्दामा **(ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९**) "प्रमाण ऐन, २०३१ को दफा ५० बमोजिम जिरह समेत भएको साक्षीको बकपत्रलाई Legally admissible evidence को रुपमा अदालतले Direct evidence मा लिनुपर्ने" भनी प्रतिपादित सिद्धान्त रहेकोले उक्त कानुनी ब्यवस्था र नजिर सिद्धान्त विपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• तिरहुत गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम नारायण साहले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा *योजनाको प्राविधिक कर्मचारीबाट नापजाँच गरी पेस भएको कागजातहरुको आधारमा भुक्तानी गरिएको हो। आ.व.को अन्तिममा कार्यचापले गर्दा योजनाको स्थलगत अनुगमन गर्न नसकिएको हो भनी स्वीकार गरेको, योजनाको नापी किताब, बिल, कार्य सम्पन्न प्रतिवेदन सम्बन्धी कागजातमा रहेको दस्तखत मेरो हो भन्ने कुरामा यकिन गर्न सकिनँ तर उक्त कागजातहरु स्वीकृत गरी मैले नै भुक्तानी गर्नुपर्ने हो* भनी बयान गरेको देखिन्छ । तत्कालीन इन्जिनयर उग्रानन्द पाठकले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा *योजनाको नापी किताब, बिल, कार्य सम्पन्न प्रतिवेदन लगायतको कागजातमा भएको दस्तखत मेरो हो र उक्त कागजातहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम नारायण साहले प्रमाणित/स्वीकृत गर्नु भएको हो, Platform Casting अन्तर्गतको काम योजनाको साइट इन्चार्जले पेस गरेको कागजात उपर बिश्वास गरी उक्त कार्यको बिल लगायतको कागजात भुक्तानीको लागि पेस गरेको हो* भनि बयान गरेको देखिन्छ । तत्कालीन सब-इन्जिनियर जागेश्वर मण्डलले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा *Platform Casting अन्तर्गतको कार्य प्रत्यक्ष निगरानीमा PCC को कार्य नापी किताब बमोजिम नै भएको तथा Flat Brick Soling को समेतको निर्माण कार्य भएको हो* भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । यद्यपि फैसला गर्दा अनुसन्धानको बयानलाई अनदेखा गरी निज प्रतिवादीहरुले अदालतमा गरेको इन्कारी बयानलाई आधार ग्रहण गरी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• प्रस्तुत मुद्दामा Engineering technical person प्राविधिक सुवास राईले पेश गर्नु भएको प्रतिवेदन एवम् सो तथ्य निजले अदालतमा गरेको बकपत्र समेतबाट पुष्टि भइसकेको अवस्थामा उक्त बकपत्रको Evidentiary value बढी हुने, निजको बकपत्र एवम् प्रतिवेदन स्थापित सर्जमिन मुचुल्का समेतका Corroborative evidence बाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुष्टि भएकोले सो प्रमाणको तौल (Waight of evidence) बढी हुने यस्ता प्राविधिक प्रतिवेदनलाई Best Evidence एवं यस्ता प्रमाणको विश्वसनीयता (Reliability) बढी हुने हुँदा उक्त *प्रमाणलाई* ग्रहण गरी फैसला गर्नुपर्नेमा सो प्रमाणको विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रतिवादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate) गरेको हुनुपर्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार भएको मुद्दामा *"कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने"* (नेकाप २०७७, अंक ७, निनं. १०५४१) भन्ने सिद्धान्त समेत प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रस्तुत मुद्दाका प्रतिवादीहरुले इन्कारी बयान गरेकै आधारमा कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु रामनारायण साह, उग्रानन्द पाठक, जागेश्वर मण्डल, तीर्थमाया खत्वे, दुर्गानन्द यादव, वीरेन्द्र कुमार यादव, रवेन्द्र कुमार यादव, धीरेन्द्र यादव, रेणुकुमारी यादव समेतलाई आरोप मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ । |